धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३३८ ◆ २०८३ असार १० गते बुधबार, Wednesday, June 24, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## राजनीति जनताको सेवा गर्ने औजार होः तिमिल्सिना

चितवन । सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले राजनीति जनताको सेवा गर्ने औजार भएको बताउनुभएको छ । सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गतका यहाँस्थित कार्यालयहरुको निरीक्षणपछि सञ्चारकर्मीहरूसँग संक्षिप्त कुरा गर्दै उहाँले राजनीति कसैको शक्ति प्रदर्शन गर्ने हतियार नभएको बताउनुभयो । उहाँले भन्नुभयो "राजनीति जनताको सेवा गर्ने औजार हो । कसैको शक्ति प्रदर्शन गर्ने हतियार होइन ।" सरकारले जिम्मेवारीपूर्वक जनताको भावनाअनुसार काम गर्ने बताउनुभयो । सो क्रममा उहाँले जनतासँग गरेका वाचा पूरा गर्न वर्तमान सरकार प्रतिबद्ध रहेको उहाँको कथन थियो ।

पदको दुरुपयोग भएमा जनताले कारबाही गर्ने बताउँदै उहाँले देश र जनतालाई केन्द्रमा राखेर सरकारले काम गर्ने दोहोर्याउनुभयो ।

## भूमि प्रशासन सेवा सञ्चालनमा

काभ्रेपलाञ्चोक । रोशी र भुम्लु गाउँपालिकामा भूमि प्रशासन (मालपोत र नापी) सेवा सुरु गरिएको छ । रोशीले सोमबार र भुम्लु गाउँपालिकाले गत शुक्रबारदेखि सेवा सुरु गरेका हुन् ।

रोशी गाउँपालिका-७ का मोहनसिं लामालाई जग्गाको नक्सा प्रदान गरी गाउँपालिका अध्यक्ष दिनेश लामाले सेवा शुभारम्भ गर्नुभएको हो । सरकारले पहिलो चरणमा ३५ वटा स्थानीय तहमा भूमि प्रशासन सेवा प्रारम्भ गर्ने निर्णय गरेकामा काभ्रेपलाञ्चोकका रोशी र भुम्लु गाउँपालिका छनोटमा परेका थिए । यसअघि भूमि प्रशासन तथा नापी र मालपोत सेवा जिल्लास्थित कार्यालयबाट मात्रै हुने गरेको थियो ।

नक्सा लिनकै लागि सदरमुकाम धुलिखेल जानुपर्ने अवस्था हटेकामा सेवाग्राहीले खुसी व्यक्त गरेका छन् । रोशीका नागरिकलाई मालपोत र नापीको सेवा पनि प्रदान गर्न पाउँदा खुसी लागेको गाउँपालिका अध्यक्ष दिनेश लामाले बताउनुभयो । हालसम्म पाँच सय ३१ परिवारलाई लालपुर्जा वितरण गरि सकिएको छ । रोकिएका काम स्थानीय भूमि प्रशासन सेवामार्फत नै गरिने भुम्लु गाउँपालिका अध्यक्ष प्रेम भुजेलले बताउनुभयो ।

## शक्तिखोर औद्योगिक क्षेत्र निर्माणको काम अघि बढ्ने

भरतपुर । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले चितवनको शक्तिखोर औद्योगिक क्षेत्र निर्माणको कामअघि बढाइने बताउनुभएको छ ।

चितवन उद्योग सङ्घले मंगलबार आयोजना गरेको कार्यक्रममा उहाँले औद्योगिक क्षेत्र सञ्चालन गर्ने विषयमा पहल भइरहेको र छिट्टै यसलाई अगाडि बढाउने बताउनुभयो । उहाँले सरकारले उद्योगी व्यवसायीलाई लगानी गर्न र रोजगारी सृजना गर्ने काममा लाग्न प्रेरित गर्ने बताउनुभयो । नियम उल्लङ्घन गर्ने उद्योगहरूको विद्युत् लाइन काटिएको र नीति, प्रक्रियामा आई सञ्चालन भएकाले उद्योगलाई छुटसहित सहयोग गरिएको मन्त्री यादवले बताउनुभयो ।




## हालसम्म एघार जिल्लाका ८२ स्थानमा बर्ड फ्लू पुष्टि

*प्रत्यूष समाचारदाता*



काठमाडौं । चरा तथा पन्छीहरूमा लाग्ने अतिसङ्क्रामक भाइरल रोग 'बर्ड फ्लू' अहिलेसम्म ११ जिल्लाका ८२ स्थानमा देखिएको छ । पशु सेवा विभागका महानिर्देशक डा उमेश दाहालका अनुसार गत चैत ४ गते मोरङ जिल्लामा देखिएको बर्ड फ्लू अहिलेसम्म ११ जिल्लाको ८२ ठाउँमा फैलिएको छ ।

झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन, नवलपरासी, काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेमा बर्ड फ्लू देखिएको छ । हालसम्म बर्ड फ्लूबाट प्रभावित भएका पाँच लाख ६९ हजार ८५८ पन्छी र सो क्रममा नौ लाख ८९ हजार ३१३ वटा अण्डा र एक लाख ९५ हजार ४८५ किलो दाना नष्ट गरिएको छ ।

कोशी प्रदेशमा एक महिनासम्म रोग नियन्त्रणका लागि पन्छीको ओसारपसारमा रोक लगाएकोमा हाल रोग नियन्त्रण आएपछि सोलाई खुकुलो बनाइएको डा दाहालले बताउनुभयो । पशु क्वारेन्टाइन कार्यालयमा बर्ड फ्लू रोग सर्न उच्च सतर्कतामा रही, गस्ती परिचालन गरी अवैध रूपमा पैठारी गरिएका शङ्कास्पद पन्छीहरू नष्ट गरिएको थियो । झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन, नवलपरासीमा रोग नियन्त्रणमा आइसकेको छ । काठमाडौं उपत्यकाका तीन जिल्ला र काभ्रेका केही स्थानमा बर्ड फ्लू रोगको प्रकोप देखिएको छ । उपत्यकामा विशेष सावधानी अपनाउन विभागले आग्रह गरेको छ । विभागले विभागका उपमहानिर्देशकको नेतृत्वमा बर्ड फ्लू रोग नियन्त्रण कक्ष स्थापना गरी रोग देखिएको ठाउमा सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा बर्ड फ्लू रोग नियन्त्रण अभियान सञ्चालन गर्ने गरेको विभागमा महानिर्देशक डा दाहालले जानकारी दिनुभयो । फार्म परिसरमा जैविक सुरक्षाको विधिहरू अपनाउने, अण्डा राख्ने कागजको पुरानो क्रेट पुनः प्रयोगमा नल्याउने, ढुवानीको साधनलाई फार्म परिसरभित्र ल्याउन पर्ने भएका पुनः निसङ्क्रमण गरेर मात्र भित्र्याउनेजस्ता कार्य गर्नुपर्दछ ।

यस्तै कागलगायत जङ्गली पन्छीहरू घरपालुवा पन्छीको दाना लसपस हुन नदिने गरि थुनेर पन्छीपालन गर्नुपर्दछ । पन्छीको उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्नुपर्दछ ।

## जनता खुसी भएपछि मात्रै संस्थाप्रतिको विश्वास बढ्छः मन्त्री तिमिल्सिना

*प्रत्यूष समाचारदाता*

चितवन । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले लोकतन्त्रमा जनता केन्द्रमा हुने भएकाले जनता खुसी हुनेगरी काम गर्नुपर्नेमा जोड दिनुभएको छ । जिल्ला हुलाक कार्यालयको मंगलबार निरीक्षणपछि उहाँले जनता खुसी भएपछि मात्रै संस्थाप्रतिको विश्वास बढ्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "जनता खुसी भए मात्र विश्वास बढ्छ, जनताको विश्वास बढेपछि मात्रै तपाईंको कामको महत्त्व बढ्छ ।" उहाँका अनुसार संस्था बलियो भएन भने संस्थामा काम गर्नेको जागिर पनि सुरक्षित हुँदैन । "यो संस्थामा काम गर्ने हरेक कर्मचारीको हकहित सुरक्षित हुनुपर्छ", उहाँले अगाडि थप्नुभयो, "हामीले लोकतन्त्र भन्यौं, तर संस्थालाई कमजोर बनायौं, त्यसले गर्दा इतिहास मात्रै राम्रो भयो, वर्तमान बर्बाद भयो, यस्तै अनियमित गर्ने हो भने भविष्य कसरी सुरक्षित हुन्छ ?" कर्मचारीहरूलाई निर्देशन दिँदै मन्त्री तिमिल्सिनाले भन्नुभयो, "तपाई कसको लागि काम गर्दै हुनुहुन्छ भन्ने कुरा सोच्नुपर्छ ।" हुलाक इतिहास बोकेको संस्था भएको भन्दै उहाँले इतिहासअनुसार संस्थाको अवस्था नभएको बताउनुभयो । विकसित देशमा हुलाकको अर्थ नसकिएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "अझै हुलाक महत्त्वपूर्ण छ भन्ने कुरा विकसित देशमा देख्न सकिन्छ ।" कतिपय कुरा हुलाकबाटै पठाउँदा सुरक्षित हुने बताउँदै मन्त्री तिमिल्सिनाले हुलाक भनेर नाक खुम्च्याउने होइन कि हुलाकमा काम गर्छु भनेर गर्व गर्नुपर्ने अवस्था सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो ।

चिठ्ठी पार्सल सुरक्षित रूपमा पुग्नुपर्नेमा जोड दिँदै मन्त्री तिमिल्सिनाले समयको महत्त्व बुझ्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "सामान जेसुकै भए पनि सुरक्षित र समयमा पुग्नु पर्छ ।" तपाईंहरूले जागिर सुरु गर्दा र अहिले समयको महत्त्व बढ्दै गएको उल्लेख गर्दै उहाँले कुनै बेला कुनै काम १० दिनमा भए पनि मानिसले गुनासो गर्दैनथे, अहिले एकै दिन ढिलो हुँदा पनि गुनासो गर्छन् त्यसैले सबैले समयको गति बुझ्नुपर्छ भन्नुभयो ।

मन्त्री तिमिल्सिनाले सेवाग्राहीलाई हाँसेर सेवा दिन सुझाव दिँदै निवृत्त जीवनमा हुलाकको कर्मचारी थिएँ भनेर गर्व गर्ने अवस्था आउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "जताततै लथालिङ्ग, भ्रष्टाचारै भ्रष्टाचार, सेवाग्राही सन्तुष्ट छैनन्, अनि कुन अर्थमा सरकारले जनताको राजस्वबाट सेवा सुविधा बढाउन सक्छ ?" जिल्ला हुलाक कार्यालय चितवनका प्रमुख शालिकराम बस्यालले कार्यालयका प्रगति र समस्याका बारेमा अवगत गराउनुभएको थियो ।

## ठगीको अभियोगमा तीन जना पक्राउ

काठमाडौं । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले विदेश पठाउने भन्दै रु २३ लाख ६५ हजार ठगी गर्ने तीन जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा चितवन रत्ननगर नगरपालिका-१ का ५० वर्षीय युवकराज पराजुली, जिल्ला दोलखा जिरी नगरपालिका-३ का ३४ वर्षीय टङ्कबहादुर खड्का तथा सुनसरी धरान उपमहानगरपालिका-६ का ३४ वर्षीय मनिष पोदार रहेका उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक सुरतकुमार थापा क्षेत्रीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पक्राउ परेकामध्य पराजुलीले न्यूजील्यान्ड पठाउने भन्दै रु १६ लाख ६५ हजार, खड्काले लिथुआनिया पठाउने भन्दै रु पाँच लाख तथा पोदारले बेलायत पठाउने भन्दै रु दुई लाख रकम लिई विदेश नपठाइ सम्पर्कविहीन भएको उजुरीका आधारमा पक्राउ गरिएको हो ।" पक्राउ परेका तिनै जनालाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरी उपरीक्षक थापा क्षेत्रीले बताउनुभयो ।

### बैंकिङ कसुर मुद्दाका फरार दुई जना पक्राउ

बैंकिङ कसुर मुद्दाका दुई जना फरार व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौं टोखा नगरपालिका-९ का ५६ वर्षीय माधव श्रेष्ठ तथा तनहुँ भानु नगरपालिका-८ का ४३ वर्षीय रामचन्द्र अधिकारी रहेका प्रहरी उपरीक्षक थापा क्षेत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार उच्च अदालत पाटनको २०७९ माघ २९ गतेको फैसलाले उक्त मुद्दामा बिगोबापत दुई वर्ष कैद सजाय ठहर भई फरार रहेका माधवलाई टोखा नगरपालिका-९ तथा जिल्ला अदालत काठमाडौंको २०८२ साउन ११ गतेको फैसलाले उक्त मुद्दामा बिगोबापत एक महिना १५ दिन कैद सजाय र रु दुई लाख २५ हजार जरिवाना ठहर भई फरार रहेका रामचन्द्रलाई काठमाडौं महानगरपालिका-१६ बालाजुबाट पक्राउ गरिएको हो । पक्राउ परेकाहरूलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौंमा पेस गरिएको प्रहरी उपरीक्षकले बताउनुभयो ।

## सम्पादकीय ....

### सन्दर्भ रास्वपा महाधिवेशनको

नयाँ शक्तिबाट जनताले राजनीतिक शैली, संस्कार र निर्णय प्रक्रियामा क्रमभंगताको अपेक्षा गरेका थिए तर सुरुवाती चरणमै रास्वपा पनि पुराना दलहरूजस्तै प्रतिशोध, कर्मचारीतन्त्रमा आफ्ना मान्छे भर्ती गर्ने र शक्तिकेन्द्रित गर्ने खेलमा लागेको देखियो ।

नीति तथा कार्यक्रम कर्मचारीतन्त्र हुँदै राज्यमा डेलिभरी हुने हुँदा हरेक सत्ताले स्वामीभक्ति खोज्छ । 'हाम्रो मान्छे मात्रै राम्रो' भन्ने पुरानै सत्ता चरित्र दोहोरिँदा यसले संस्थागत सुधार होइन, व्यक्तिवादी अहंकारलाई प्रश्रय दिन्छ ।

हिजो विपक्षी वा सञ्चारकर्मी हुँदा नेताहरूले व्यक्त गरेका आक्रामक र आदर्शवादी कुरा अहिले 'डिजिटल फुटप्रिन्ट'मा सुरक्षित छन् । सत्तामा पुगेपछि ती पुराना अभिव्यक्ति र वर्तमानको सत्तावादी कार्यशैलीबिचको विरोधाभास उनीहरूका लागि गलीपासो बनिरहेको छ । रास्वपाले पनि विज्ञापन नियन्त्रण गर्ने वा निर्भीक मिडियाकर्मीहरूलाई 'आत्म-सेन्सरसिप' गराउने जुन अप्रत्यक्ष नीति लिएको देखिन्छ, त्यो उसको दीर्घकालीन हितमा हुने छैन ।

विधिको शासनको वकालत गर्ने पार्टीका लागि 'दोहोरो न्यायिक मानक' सबैभन्दा ठुलो आत्मघाती कदम बन्छ । अरू दलका नेतामाथि आरोप लाग्दा 'तत्काल जेल हाल्नुपर्ने' माग गर्ने तर आफ्नै शीर्ष नेतामाथि गम्भीर प्रश्न उठ्दा राज्यशक्तिको दुरुपयोग गरेर बचाउ गर्नु नांगो दोहोरो मापदण्ड हो ।

विगतका सरकारहरूले जस्तै कानुनलाई आफ्नो अनुकूल व्याख्या गर्ने र न्यायलाई प्रभावित पार्ने प्रवृत्तिले रास्वपा पनि अन्ततः 'मिसन सुशासन'बाट 'मिसन सत्ता संरक्षण'मा लागेको पुष्टि गर्छ । आफूअनुकूल आयोग बनाउनु र हितअनुकूलको निष्कर्ष निकाल्न खोज्नुले राज्यसत्ताप्रतिको अविश्वास मात्र बढाउँछ । हिजोका सरकारले विभिन्न आयोगका प्रतिवेदन (भुटानी शरणार्थी, ललिता निवास, गिरी बन्धु टी स्टेट र विशेष गरी सहकारी प्रकरण) कार्यान्वयनमा जुन चरित्र देखाए, त्यसको परिणाम आज उनीहरूले भोग्दै छन् । रास्वपाले सहकारी प्रकरणमा देखाएको दोहोरो मापदण्डले उसको नैतिक धरातल खियाएको छ ।

राजनीतिक फाइदा र शक्ति आर्जनका लागि फरक-फरक पृष्ठभूमि र कार्यशैली भएका दुई शक्तिशाली व्यक्ति वा धारहरू (जस्तैः सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन शाह) बिचको एकता वा रणनीतिक मोर्चा सधैं जोखिमपूर्ण देखिन्छ ।

'मिसिनु' र 'घोलिनु'बिचको फरक नबुभ्दाको परिणाम विगतमा पूर्वप्रधानमन्त्री केपी ओली र प्रचण्डले भोगिसकेका छन् । 'गल्फ अफ अलास्का'मा दुई फरक समुद्रको पानी भेट त हुन्छ तर घनत्व र तापक्रम नमिल्दा ती आपसमा घोलिँदैनन्, सिमाना प्रस्ट देखिन्छ । यदि उनीहरु एक बनेर एकताको सन्देश दिएको खण्डमा संसदीय गणित मात्रै सत्ता टिकाइराख्ने पर्याप्त आधार होइन भन्ने कुरा विगतमा सडक र जनआक्रोशले अपदस्थ गरेका कांग्रेस-एमालेका संयुक्त सरकारहरू ज्वलन्त उदाहरण बन्नेछन् । महाधिवेशन कब्जा गर्ने, कारबाहीको डन्डा चलाउने, बदला र अहंकारको राजनीति गर्ने गगन थापा र केपी ओलीप्रवृत्ति रास्वपाका लागि इतिहासको ठुलो शिक्षा बन्न सक्छ ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक


**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा: कार्यान्वयनको बाटो

डा विश्वराज दवाडी

नेपालको स्वास्थ्य क्षेत्र अहिले एउटा गम्भीर र अभूतपूर्व सङ्क्रमणकालबाट गुज्रिरहेको छ । एकातिर नागरिकहरूमा आफ्नो स्वास्थ्य र कानुनी अधिकारप्रतिको चेतना अभूतपूर्व रूपमा बढेको छ भने अर्कोतिर उपभोक्ता अदालतको बढ्दो सक्रियता, नयाँ कानुनी व्यवस्थाहरू र सर्वोच्च अदालतका पछिल्ला फैसलाहरूले चिकित्सकीय लापरबाहीको मुद्दालाई निकै संवेदनशील मोडमा पुर्‍याएका छन् ।

उपचारका क्रममा हुने अप्रत्याशित परिणाम वा त्रुटिहरूका कारण चिकित्सक र अस्पतालहरूले लाखौँ र करोडौँ रुपैयाँसम्मको जरिवाना र क्षतिपूर्तिको भागिदार बन्नुपर्ने परिस्थिति सिर्जना भएको छ । यस्तो जटिल र चुनौतीपूर्ण वातावरणमा चिकित्सकहरूलाई मानसिक तनावमुक्त भई आफ्नो पूर्ण दक्षताका साथ काम गर्ने वातावरण बनाउन र पीडित बिरामीको न्यायोचित अधिकार सुनिश्चित गर्न नेपालमा 'डक्टर्स प्रोफेसनल इन्डेम्निटी इन्स्योरेन्स' अर्थात् 'चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा' तत्काल र लागू गर्नुको अब कुनै विकल्प छैन ।

सरल भाषामा भन्दा यो स्वास्थ्यकर्मी वा चिकित्सकहरूका लागि एउटा कानुनी र वित्तीय सुरक्षा कवच हो । चिकित्सा क्षेत्र शतप्रतिशत गणितीय विज्ञान होइन; यहाँ हरेक बिरामीको शरीर, रोगको प्रकृति र ओषधिको प्रतिक्रिया फरक हुन सक्छ । सदाशयतापूर्वक र आफ्नो पूर्ण ज्ञान प्रयोग गरेर उपचार गर्दागर्दै पनि अन्जानमा कुनै प्राविधिक त्रुटि, गल्ती वा असावधानी हुनसक्छ ।

यस्ता त्रुटिका कारण बिरामीलाई कुनै शारीरिक वा मानसिक क्षति पुग्न गएमा र अदालत वा सम्बन्धित नियामक निकायले चिकित्सकलाई दोषी ठहर गरेमा, यो बिमाले बिरामीलाई बुझाउनुपर्ने क्षतिपूर्ति र कानुनी लडाइँको खर्च ब्यहोर्ने गर्दछ । स्मरणरहोस्, यस बिमाले नियतवश गरिएको अपराध वा मदिरा/लागूऔषध सेवन गरी गरिएको लापरबाहीलाई समेट्दैन । यसको मुख्य उद्देश्य इमान्दार चिकित्सकको आर्थिक र व्यावसायिक जीवनलाई सुरक्षित राख्नु हो । यो बिमा तत्काल लागू गर्नुपर्ने मुख्य कारणहरू निम्न छन्:

**बढ्दो सक्रियता र वित्तीय जोखिम**

उपभोक्ता संरक्षण ऐनअन्तर्गत नेपालका विभिन्न जिल्लाहरूमा उपभोक्ता अदालतहरू गठन भई सक्रिय भएसँगै स्वास्थ्य सेवालाई पनि उपभोक्ताको दायराभित्र कडा रूपमा हेर्न थालिएको छ । हालैका दिनहरूमा उपचारमा चित्त नबुझेमा वा त्रुटि देखिएमा बिरामीका आफन्तहरू कानुनी उपचार खोज्दै अदालत जाने क्रम ह्वात्तै बढेको छ । अदालतहरूले अस्पताल र डाक्टरहरूलाई करोडौँ रुपैयाँसम्मको क्षतिपूर्ति तिराउने ऐतिहासिक फैसलाहरू सुनाउन थालेका छन् । कुनै पनि मध्यमवर्गीय वा सरकारी डाक्टरले व्यक्तिगत रूपमा आफ्नो खल्तीबाट वा जायजेथा बेचेर यति ठूलो रकम ब्यहोर्न असम्भव प्रायः हुन्छ । यसले चिकित्सकहरूको सम्पूर्ण प्रतिष्ठा र पारिवारिक जीवन नै एकै झट्कामा समाप्त हुने जोखिम बढाएको छ ।

**स्पष्ट नजिर र कानुनी सन्देश**

सर्वोच्च अदालतको संयुक्त इजलासले हालै गरेका केही फैसला र ब्याख्याहरूले स्पष्ट सन्देश दिएका छन्-डाक्टर हुनुको अर्थ लापरबाहीमा उन्मुक्ति पाउनु होइन । अदालतले बिरामीको सुरक्षित उपचार पाउने अधिकारलाई सर्वोच्च राखेको छ तर सँगै यो कुरा पनि स्वीकारेको छ कि उच्च जोखिमयुक्त चिकित्सा विधामा काम गर्दा डाक्टरहरूलाई हरसमय कानुनी डर र दबाबमा राखियो भने स्वास्थ्य प्रणाली नै धराशयी हुनसक्छ ।

**मेडिसिनको घातक चक्र रोक्न**

भारी क्षतिपूर्ति र कानुनी कारबाहीको डरले गर्दा नेपाली चिकित्सकहरूमा अहिले प्रतिरक्षात्मक चिकित्साको अभ्यास खतरनाक रूपमा बढ्न थालेको छ । यसको सीधा अर्थ हुन्छ–डाक्टरहरूले बिरामीको ज्यान जोगाउन आवश्यक तर उच्च जोखिमयुक्त जटिल शल्यक्रिया वा उपचार प्रक्रिया हात हाल्न हिच्किचाउने वा अस्वीकार गर्ने । त्यस्तै, कानुनी रूपमा सुरक्षित रहनका लागि बिरामीलाई अनावश्यक रूपमा दर्जनौँ ल्याब टेस्ट र भिडियो एक्सरेहरू गराउन बाध्य पार्ने । यसले अन्ततः स्वास्थ्य सेवालाई सर्वसाधारणका लागि अत्यधिक महँगो बनाउँछ र जटिल बिरामीले समयमा आकस्मिक उपचार नपाई ज्यान गुमाउने अवस्था सिर्जना गर्छ । बिमाको व्यवस्था भएमा चिकित्सकहरूले निर्धक्क भई आफ्नो क्लिनिकल निर्णय लिन सक्छन् ।

**अस्पताल तोडफोड, 'भिडतन्त्र' र असुली संस्कृतिको अन्त्य**

नेपालको स्वास्थ्य क्षेत्रको एउटा दुःखद् पाटो भनेको उपचारका क्रममा बिरामीको मृत्यु वा अवस्था बिग्रँदा तुरुन्तै अस्पताल तोडफोड गर्ने, डाक्टर र नर्समाथि भौतिक आक्रमण गर्ने र मोटो रकम मोलमोलाई गर्ने प्रवृत्ति हो । यदि यो बिमा प्रणाली संस्थागत रूपमा लागू भयो भने, 'भिड' ले सडक वा अस्पतालमा न्यायको फैसला गर्ने विकृति रोकिनेछ । कुनै पनि घटना भएमा, चिकित्सक र बिरामी दुवै पक्ष कानुनी र बिमाको दायरामा आउनेछन् । बिमा कम्पनीको आफ्नै अनुसन्धान टोलीले घटनाको छानबिन गर्नेछ र वास्तविक पीडितले कानुनी रूपमै न्यायोचित र ठूलो रकमको क्षतिपूर्ति पाउने निश्चित हुनेछ । यसले अस्पतालहरूलाई युद्धमैदान हुनबाट जोगाउनेछ ।

**नेपालको स्वास्थ्य पर्यटन**

संसारका अधिकांश विकसित र विकासोन्मुख देशहरू (जस्तैः अमेरिका, बेलायत र छिमेकी देश भारतमा समेत) चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा बिना डाक्टरहरूले बिरामी छुनै पाउँदैनन् । नेपालले पनि अन्तरराष्ट्रिय स्तरको स्वास्थ्य सेवा प्रदान गर्ने र छिमेकी देशका बिरामीलाई आकर्षित गर्ने नीति लिइरहँदा हाम्रो स्वास्थ्य प्रणाली कानुनी र वित्तीय रूपमा सुरक्षित हुनुपर्छ । विदेशी बिरामी वा नेपालकै सचेत नागरिकको विश्वास जित्नका लागि पनि यो बिमा अन्तरराष्ट्रिय मापदण्ड अनिवार्य छ ।

**तत्काल चाल्नुपर्ने कदमहरू**

नेपाल बिमा प्राधिकरणले केही समय अघि यस प्रकारको बिमाको पोलिसी ल्याउन खोजे पनि पर्याप्त गृहकार्य र समन्वयको अभावमा यो पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । पहिलो चरण: नेपाल मेडिकल काउन्सिलको कानुनी बाध्यता: नेपाल मेडिकल काउन्सिलले आफ्नो नियमावलीमा संशोधन गरी प्रत्येक चिकित्सकको 'प्राक्टिस लाइसेन्स' नवीकरण गर्दा वा नयाँ दर्ता गर्दा चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमा' को पोलिसी अनिवार्य बुझाउनुपर्ने नियम तत्काल लागू गर्नुपर्छ । बिमा नभएका डाक्टरलाई बिरामी जाँच्ने अनुमति दिनु हुँदैन ।

दोस्रो चरण: जोखिममा आधारित न्यायोचित प्रिमियम निर्धारण: नेपाल बिमा प्राधिकरणले नेपाल मेडिकल एशोसिएशन र बिमा कम्पनीहरूसँग बसेर चिकित्सकहरूको विधाअनुसार प्रिमियम तय गर्नुपर्छ । उदाहरणका लागि, बढी जोखिम हुने सर्जन, एनेस्थेटिस्ट, र गाइनोकोलोजिस्टको प्रिमियम अलि बढी र कम जोखिम हुने छला रोग विशेषज्ञ वा साइकियाट्रिस्टको प्रिमियम सोही अनुसार न्यायोचित र खल्तीमैत्री बनाउनुपर्छ । तेस्रो चरण: सरकारी र निजी अस्पतालहरूको संस्थागत दायित्व: डाक्टरहरू आफैँले मात्र नभई उनीहरू कार्यरत अस्पतालहरूले पनि यसमा योगदान गर्नुपर्छ । सरकारी अस्पतालमा कार्यरत डाक्टरहरूको प्रिमियम सरकारले र निजी स्वास्थ्य संस्थामा काम गर्नेहरूको प्रिमियममा सम्बन्धित अस्पतालले कम्तीमा ५० प्रतिशत हिस्सा ब्यहोर्ने गरी श्रम सम्झौता हुनुपर्छ । चौथो चरण: स्वतन्त्र 'मेडिको-लीगल बोर्ड' को गठन: कुनै पनि उपचारमा गल्ती भयो वा भएन र बिमा दाबी भुक्तानी दिने कि नदिने भन्ने निर्णय गर्न राजनीति र प्रभावमुक्त, स्वतन्त्र विशेषज्ञहरूको 'मेडिकल बोर्ड' गठन हुनुपर्छ । यस बोर्डको प्राविधिक सिफारिसका आधारमा मात्र बिमा कम्पनीले अदालत वा पीडितलाई भुक्तानी दिने व्यवस्था हुनुपर्छ, ताकि कसैले झुटा मुद्दा हालेर बिमाको रकम दुरुपयोग गर्न नसकोस् ।

यस बिमा प्रणाली लागू गर्दा मुख्य चुनौती भनेको डाक्टरहरूमा सुरुवाती प्रिमियम रकम तिर्न देखिने हिच्किचाहट र बिमा कम्पनीहरूमा 'मेडिकल मुद्दा' हरूको प्राविधिक ज्ञानको कमी हुनु हो । यसको समाधानका लागि नेपालका ठूला र स्थापित निर्जीवन बिमा कम्पनीहरूले सामूहिक बिमाको ढाँचा ल्याउन सक्छन् । नेपाल मेडिकल एशोसिएशनमार्फत देशका सम्पूर्ण डाक्टरहरूलाई एउटै पुलमा ल्याएर सामूहिक बिमा गर्दा प्रिमियमको दर निकै कम हुन आउँछ, जुन एउटा नयाँ मेडिकल पास गरेको डाक्टरले पनि सजिलै तिर्नसक्छ ।

चिकित्सा क्षेत्र कुनै जादु वा शतप्रतिशत सुनिश्चित भएको कारखाना होइन । भगवान् मानिने डाक्टर पनि मानिस नै हुन् र उनीहरूबाट पनि मानवीय वा प्राविधिक गल्ती हुनसक्छ । बिरामीको जीउज्यानको सुरक्षा र न्याय जति महत्त्वपूर्ण छ, देशका दक्ष र ऊर्जावान् चिकित्सकहरूको मनोबल र उनीहरूको व्यावसायिक अस्तित्व जोगाउनु पनि राज्यको त्यत्तिकै ठूलो जिम्मेवारी हो । अबका दिनमा डाक्टर बन्नु भनेको जेल जाने वा आर्थिक रूपमा सडकमा आउने बाटो रोज्नु हो भन्ने भाष्य बन्न दिनु हुँदैन । स्वास्थ्य मन्त्रालय, नेपाल बिमा प्राधिकरण, नेपाल मेडिकल काउन्सिल र सरोकारवाला सबै निकायहरूले अहंकार र ढिलासुस्ती त्यागेर चिकित्सक व्यावसायिक क्षतिपूर्ति बिमालाई राष्ट्रिय एजेन्डा बनाई आजैका मितिदेखि अनिवार्य कार्यान्वयनमा ल्याउनुपर्छ । यसले मात्र नेपालको स्वास्थ्य सेवालाई सुरक्षित, मर्यादित, कानुनी रूपमा सबल र उत्तरदायी बनाउनेछ । (लेखक नेपाल चिकित्सक सङ्घका महासचिव हुनुहुन्छ)


### अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔँ ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

नेपाल सरकार,
विज्ञापन वोर्ड

# विद्यार्थीलाई करेसाबारी सम्बन्धी सीप सिकाइँदै

मान्म । कालीकोटको महावै गाउँपालिकाले छवटा माध्यमिक विद्यालयमा पढ्ने २०० विद्यार्थीलाई ‘एक घर, एक करेसाबारी’ बनाउन सीप सिकाउँदैछ ।

कृषि पेसालाई व्यावसायिक बनाउन तथा कृषिमा दक्ष जनशक्ति उत्पादनका लागि अभिप्रेरणा दिन गाउँपालिकाले पालिकाभित्रका तीन सामुदायिक विद्यालयमा ‘करेसाबारी कार्यक्रम’ सञ्चालन गरेको गाउँपालिकाले जनाएको छ ।

यस कार्यक्रमबाट यहाँका विद्यार्थीले स्थानीयस्तरमा पाइने अन्नको संरक्षण र ताजा तरकारी उत्पादनमा सीप आर्जन गर्न सक्छन् भन्ने विश्वास यहाँका सामुदायिक विद्यालयले गरेका छन् ।

गाउँपालिकामा जम्मा १८ वटा विद्यालय छन् । त्यसमध्ये वडा नं ५ मा कालिका माध्यमिक विद्यालय महावै, वडा नं ६ मा रहेको चन्द्रागिरि माध्यमिक विद्यालय, राम्नी कोटबाडा र वडा नं ७ को राम माध्यमिक विद्यालय कुनीमा ‘एक घर एक करेसाबारी, एक घर पाँच बिरुवा’ कार्यक्रम सञ्चालन गरिएको गाउँ पालिकाले जनाएको छ ।

ओदा फाउन्डेसनको सहयोगमा सञ्चालन गरिएको सो कार्यक्रम महावै सामुदायिक विद्यालयका कक्षा ८, ९ र १० मा अध्ययन गर्ने विद्यार्थीका लागि लागू गरिएको छ ।

“यस कार्यक्रमको उद्देश्य प्रत्येक घरमा स्थानीय बाली संरक्षण गर्ने, कम्तीमा पाँच प्रकारका तरकारी उत्पादन गर्ने र परिवारलाई पोषणयुक्त खानेकुरामा आत्मनिर्भर बनाउने हो”, ओदा फाउन्डेसन का अध्यक्ष कर्णबहादुर सिंहले भन्नुभयो, “विशेषगरी यहाँका धेरै पुरुषहरू रोजगारीका लागि भारत जाने भएकाले घरमा रहेका महिला तथा बालबालिकालाई वर्षभरि ताजा तरकारी उपलब्ध होस् भन्ने हाम्रो लक्ष्य छ । त्यही लक्ष्यअनुसार अहिले हामीले विद्यार्थीसँग मिलेर काम गरिरहेका छौँ ।”

यतिखेर यहाँका कक्षा ८, ९ र १० का विद्यार्थी करेसाबारी व्यवस्थापन, नर्सरी स्थापना, बिरुवा उत्पादन तथा फलफूल र तरकारीखेतीका व्यावहारिक सीप सिकिरहेका छन् ।

गाउँपालिकाका अध्यक्ष खेमबहादुर सिंह विद्यार्थीलाई वातावरण संरक्षण, विद्यालय करेसाबारी (स्कुल किचेन गार्डेन) तथा दिगो कृषिसम्बन्धी अभिमुखीकरणले उत्पादनमा लाग्न मद्दत पुग्ने बताउनुहुन्छ । उहाँ यस कार्यक्रमबाट यहाँका स्थानीय बासिन्दा तरकारी उत्पादनमा आत्मनिर्भर भएका छन् भन्नुहुन्छ । करेसाबारी कार्यक्रम सञ्चालन हुँदा विद्यालयमा सिकेको कृषि ज्ञानलाई घरमा आफ्ना अभिभावकलाई जानकारी गराउने र उक्त सीपले घरमा करेसाबारी निर्माण गरेर तरकारी फलाउने काम गरेको कालिका माध्यमिक विद्यालय-५ महावैमा कक्षा ९ मा अध्ययनरत छात्रा रमा काफ्लेले बताउनुभयो । “विद्यालयमा सिकेको कृषि ज्ञानलाई घरमा अभिभावकलाई सिकाउने गरेका छौँ”, उहाँले भन्नुभयो, “जसका कारणले अहिले घरमा ताजा तरकारी तथा अन्य कृषि बाली लगाउनका लागि सहज भएको छ ।”

युरोपका केही देशमा विद्यालय बगैँचाको अभ्यास सन् १८१९ देखि र अमेरिकामा सन् १८९१ बाट विद्यार्थीलाई व्यावहारिक कृषि तथा बगैँचासम्बन्धी सीप सिकाउन थालिएको थियो । त्यसयता विद्यालयमा तरकारी फलफूल तथा पोषण शिक्षा जोड्ने उद्देश्यले करेसाबारी कार्यक्रम विश्वका धेरै देशमा फैलियो । नेपालमा भने विद्यालयस्तरमा करेसाबारी शिक्षा, विभिन्न समयमा कृषि शिक्षा, पोषण कार्यक्रम र विद्यालय बगैँचा कार्यक्रममार्फत विद्यार्थीलाई क्रमशः सीप सिकाइँदै लगिएको छ ।

# रेबिज खोप अभाव नभएको स्वास्थ्य स्पष्टोक्ति

काठमाडौं । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले रेबिज विरुद्धको खोपको अभाव नभएको बताएको छ । मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले रेबिज विरुद्धको खोप अभाव नभएको बताउनुभयो । उहाँले सरकारसँग पर्याप्त मात्रामा खोप नभए पनि आकस्मिक उपचारका लागि खोप सबै अस्पतालका रहेको बताउनुभयो । “हामीसँगै धेरै मात्रामा खोप छैन ।

बिरामीलाई आकस्मिक रूपमा लगाउनका लागि खोप छ”, उहाँले भन्नुभयो, “चाँडै नै टेण्डर प्रक्रियाबाट खोप आउँदैछ ।” मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले नयाँ पाँच हजार भाइल खोप ल्याउनका लागि टेण्डर आह्वान भइसकेको जानकारी गराउनुभयो । गत माघ, चैत र जेठमा तीन पटक टेण्डर आह्वान गरेर नआएपछि पुनः टेण्डर गरेर खोप ल्याउने प्रक्रिया सुरु गरिएको बताउनुभयो ।

कुकुर, बिरालो र बाँदरजस्ता जनावरले टोकेपछि रेबिज विरुद्धको खोप लगाउनुपर्दछ । उहाँका अनुसार विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले दुई तीन दिनभित्रा चार हजार ५०० भाइल खोप उपलब्ध गराउने बताउनुभयो । केही समयअघि मात्र आकस्मिक उपचारका लागि डब्लुएचओले पाँच हजार भाइल खोप उपलब्ध गराएको थियो । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा अनुप बाँस्तोलाले अस्पतालमा आउने बिरामीलाई रेबिज विरुद्धको खोप लगाइरहेको बताउनुभयो । “अस्पतालमा रेबिज विरुद्धको खोप लगाउने आउने सबै बिरामीलाई हामीले खोप लगाइरहेका छौँ”, उहाँले भन्नुभयो, “हाम्रो अस्पतालमा रेबिज विरुद्धको खोपको अभाव छैन ।” उहाँका अनुसार अस्पतालमा दैनिक १८० जना रेबिज विरुद्धको खोप लगाउने आउने गर्दछन् । अस्पतालका मेडिकल अभिलेख शाखा प्रमुख समीरकुमार अधिकारीले यही आर्थिक वर्षमा मात्र ५५ हजार ७५९ जना बिरामीलाई रेबिज विरुद्धको खोप लगाइएको छ । आव २०८०/८१ मा ६३ हजार ८१५ जना, आर्थिक वर्ष २०८१/८२ मा ४७ हजार ५८६ जनालाई रेबिज विरुद्धको खोप लगाइएको छ ।

# शान्ति मिश्रको योगदानमा आधारित हुलाक टिकट सार्वजनिक

काठमाडौं । हुलाक सेवा विभागले मुलुकको पहिलो आधुनिक पुस्तकालयकी संस्थापक शान्ति मिश्रको सम्मानमा हुलाक टिकट प्रकाशन गरेको छ ।

मंगलबार सूचना तथा सञ्चार मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले आज यहाँ आयोजित एक कार्यक्रममा उक्त टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गर्नुभयो ।

विसं २०१९ मा स्थापना भएको नेपालको पहिलो आधुनिक पुस्तकालयको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएकी शान्ति मिश्रको योगदानको स्मरणस्वरूप हुलाक टिकट प्रकाशन गरिएको हो ।

कार्यक्रममा सचिव बस्नेतले विसं २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयलाई आधुनिक स्वरूप दिन शान्ति मिश्रको लगन र मेहनत निर्णायक रहेको बताउनुभयो । उहाँले महिलाको योगदानलाई सम्मान गर्दै हुलाक सेवा विभागले टिकट प्रकाशन गरेकामा त्यसको सराहना गर्नुभयो ।

शान्ति मिश्रका श्रीमान् नारायण मिश्रले दिवङ्गत पत्नीको पुस्तकालय विकासप्रतिको समर्पण स्मरणबारे सुनाउनुभयो । त्रिभुवन विश्वविद्यालयमा जानकारी दिँदै उहाँले भन्नुभयो, “शान्ति पुस्तकालयलाई वृहत् बनाउने सोच राख्थिन्, त्यसैले पढाउन छोडेर पुस्तकालय नै रोजिन् ।”

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयका अध्यक्ष सागरराज सुवेदीले बर्तमान केन्द्रीय पुस्तकालयको आधारशिला शान्ति मिश्रकै योगदानबाट स्थापित भएको बताउनुभयो । हाल उक्त पुस्तकालयमा चार हजारभन्दा बढी पुस्तक रहेका र तिनको ई-



लाइब्रेरीमा रूपान्तरण जारी रहेको जानकारी दिनुभयो । विभागकी महानिर्देशक मनमाया भट्टराई पँगेनीले हुलाक टिकट केवल कागजको टुक्रा नभई ऐतिहासिक दस्तावेजको रूपमा संरक्षण हुने माध्यम भएको बताउनुभयो । टिकटका माध्यमबाट शान्ति मिश्रको योगदानको कदर भएको र त्यसले मुलुकको गौरवसँगै सो क्रममा आधुनिक पुस्तकालयको प्रतिष्ठा बढाएको उहाँले बताउनुभयो ।

# वातावरण संरक्षणमा उत्कृष्ट पालिका सम्मानित

वीरगञ्ज । ‘समृद्धिका लागि वन’ परियोजना कार्यक्रमले जगरनाथपुर गाउँपालिकालाई रु एक लाख २५ हजार नगद पुरस्कारबाट सम्मान गरेको छ ।

सङ्घीय कृषि, वन तथा वातावरण मन्त्रालयअन्तर्गतको रेड कार्यान्वयन केन्द्रले वन विकास, वातावरण संरक्षण तथा समुदायको आर्थिक समृद्धिमा पुर्‍याएको योगदानको सराहना गर्दै गाउँपालिकालाई आज यहाँ एक कार्यक्रममाझ यो पुरस्कार प्रदान गरिएको हो । रेड कार्यान्वयन केन्द्रका राष्ट्रिय परियोजना निर्देशक तथा सहसचिव नवराज पुडासैनीले गाउँपालिकाकी उपाध्यक्ष बबिता सिंह क्षेत्रीलाई पुरस्कार प्रदान गर्नुभयो ।

सोही कार्यक्रममा हरिवन नगर पालिका, नवराजपुर नगरपालिका तथा पटेर्वा सुगौली गाउँपालिका क्रमशः द्वितीय, तृतीय र चौथो स्थान हासिल गरेका छन् । ती पालिकालाई क्रमशः नगद रु एक लाख, रु ७५ हजार र रु २५ हजार प्रदान गरिएको छ ।

# सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन मुख्यसचिव अर्यालको निर्देशन

ललितपुर । मुख्यसचिव सुमनराज अर्यालले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सबै राष्ट्रसेवक कर्मचारीले इमानदारीपूर्वक काम गर्नुमा जोड दिनुभएको छ ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा नेपाल सरकारका नव नियुक्त राजपत्राङ्कित तृतीय श्रेणीका शाखा अधिकृतहरूको ४०औं आधारभूत प्रशिक्षण कार्यक्रमको समापन समारोहमा उहाँले स्वार्थ केन्द्रित नभई राष्ट्रसेवामा आफूलाई समर्पित गर्न अनुरोध गर्नुभयो ।

पदको गरिमा कायम राख्दै नागरिकप्रतिको उत्तरदायित्व निर्वाह गर्नुपर्नेमा जोड दिँदै मुख्यसचिव अर्यालले “राज्यको नीति र लक्ष्यअनुसार काम गर्दा कर्मचारीले आफ्नो स्वार्थभन्दा माथि उठेर पारदर्शी, जिम्मेवार र सेवामुखी हुनुपर्छ,” भन्नुभयो ।

# मौसम अनुकूल हुँदा रास्वपाको महाधिवेशन सहज, गर्मीको प्रभाव न्यून

चितवन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को महाधिवेशन उद्घाटन सत्रको अघिल्लो दिन प्रमुख ध्यान मौसममा थियो । प्रचण्ड गर्मीका कारण सहभागीहरू बिरामी पर्नसक्ने त्रास थियो ।

प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा जिल्लास्थित अस्पतालका सञ्चालक, चिकित्सक तथा स्वास्थ्यकर्मी हरूको उपस्थितिमा विशेष तयारी गरिएको थियो । रास्वपाका नेता डा. मनोहर प्रधानको नेतृत्वमा कार्यक्रमस्थलमा तीन ठाउँमा ‘हेल्थ डेस्क’ राखिएको थियो ।

कार्यक्रमको उद्घाटन सत्रपछि वर्षा हुँदा सहभागीहरूलाई केही कठिनाइ भए पनि गर्मीका कारण हुन सक्ने स्वास्थ्य समस्या देखिएन। डा. प्रधानका अनुसार दुई जना सहभागी गर्मीका कारण बेहोस भएका थिए । उहाँले भन्नुभयो, “पानी नपरेको भए धेरै बेहोस हुने सम्भावना समेत रहेको थियो ।”

हिमाल र पहाडबाट आएका सहभागीहरूलाई चितवनको चर्को गर्मी थेग्न कठिन हुने अवस्था रहे पनि वर्षाले राहत भएको उहाँले बताउनुभयो ।

रास्वपाका जिल्ला नेता प्रकाश आचार्यका अनुसार महाधिवेशनको अघिल्लो दिनदेखि दैनिक वर्षा हुँदा बाहिरबाट आएका सहभागीलाई असहज




भएको छैन । उहाँले भन्नुभयो, “दैनिक पानी परेको छ । तापक्रम बढेको छैन ।”

आज दिउँसो १ बजे यहाँको तापक्रम ३४ डिग्री सेल्सियस मापन गरिएको छ। नागरिक उड्डयन प्राधिकरणका प्रमुख दीपक विकेका अनुसार विगतका असारमा यहाँको तापक्रम ३९ डिग्रीसम्म पुग्ने गरेको थियो । उहाँले भन्नुभयो, “रास्वपाको महाधिवेशन सहज भयो ।”दैलेखका दिनेश राईले चितवनमा अत्यधिक गर्मी हुने अपेक्षा भए पनि त्यस्तो अनुभव नभएको बताउनुभयो । स्याङ्जाका मेघबहादुर आलेले नियमित वर्षाका कारण मौसम अनुकूल बनेको बताउनुभयो ।

रास्वपा चितवनका सचिव तेजेन्द्र पौडेल महाधिवेशनलाई मौसमले साथ दिएको बताउनुभयो । बाहिरबाट आएका प्रतिनिधिहरूले चितवनको गर्मीलाई लिएर चिन्ता लिए पनि यहाँ आएपछि त्यस्तो समस्या नभएको सहभागीहरूको भनाइ छ ।

रास्वपाका जिल्ला नेता नेत्र लामिछानेका अनुसार हिमाली र पहाडी जिल्लाबाट आएका प्रतिनिधिले अघिल्लो दिनसम्म पनि तापक्रमबारे जिज्ञासा राखेका थिए । मौसम अनुकूल भएकाले सहभागीहरूलाई राहत भएको उहाँले बताउनुभयो।

मौसम अनुकूल भएकाले फुर्सदको समयमा सहभागी पर्या-पर्यटनमा सहभागी भएका गतिविधिमा सहभागी भएका छन् । देवघाटको धार्मिक यात्रा होस् वा सौराहाको हात्ती सफारी उनीहरूको पर्यटकीय क्षेत्रमा बाक्लो उपस्थिति छ ।

महाधिवेशनमा १० हजारभन्दा रास्वपाका कार्यकर्ता, शुभेच्छुकलागयत उपस्थित भएका अनुमान छ ।

# रासायनिक मलको विकल्पमा ढैंचा

तानसेन । माथागढी गाउँपालिकाका किसान धनबहादुर विश्वकर्माले रासायनिक मलको विकल्पमा ढैँचा मलको प्रयोग गरी धान रोपाइँ गर्न थाल्नुभएको तीन वर्ष पुगेको छ ।

समयमा मल नपाउने, पाए पनि ढुवानीको समस्या र चर्को मूल्य तिर्नुपरेपछि खेतमा नै ढैँचा रोप्न र बाली लगाउने बेला ढैँचाकै मल प्रयोग गर्न थाल्नुभएको हो ।

किसान विश्वकर्माले रासायनिक मलको विकल्पमा ढैँचा मल उत्तम रहेको बताउनुभयो । उहाँले धान उत्पादनका लागि माटोमा चाहिने सम्पूर्ण शक्ति ढैँचाले पूर्ति गर्ने भएकाले आफूले प्रयोग गर्दै आएको जानकारी दिनुभयो ।

माथागढी गाउँपालिका रुप्सेका किसान छवि थापाले पनि ढैँचा लगाएको खेत जोतेर धान रोपाइँ गर्दै हुनुहुन्छ । उहाँले रासायनिक मलको विकल्पमा केही वर्षयता हरियो मल अर्थात् ढैँचा प्रयोग गर्दै आएको सुनाउनुभयो । ढैँचाबाट माटोको गुणस्तर सुध्रिन्छ भन्ने थाहा पाएपछि अन्नबाली लगाएका स्थानमा रासायनिक मल नछरेको उहाँले सुनाउनुभयो ।

“रासायनिक मलको विकल्पमा माटोका लागि ढैँचा लगाउँदै आएको छु”, उहाँले भन्नुभयो, “धान उत्पादनका लागि माटोमा चाहिने सम्पूर्ण शक्ति ढैँचाबाट पूरा हुँदोरहेछ ।”

पूर्वखोलाका पुराना किसान ईश्वरी खनालले पनि रासायनियक मलको सट्टा हरियो मल ढैँचा नै प्रयोग गर्दै आउनुभएको छ । उहाँ भन्नुहुन्छ, “आफ्नो हातपाखुरामा बल हुँदासम्म बोरामा आउने रासायनिक मलको प्रयोग गर्दिनँ, अहिलेसम्मै हरियो मलका भरमा धानखेती गर्दै आएको छु, यसबाट राम्रो उत्पादन हुन्छ”, उहाँले भन्नुभयो, “यो कुनै नयाँ प्रयोग होइन । बाबुबाजेले ढैँचा मलकै प्रयोग गरेर अन्नपात उब्जाउनुहुन्थ्यो । रासायनिक मलको प्रवेश भएपछि यो विधि हराउँदै गएको थियो । अहिले पुनः प्रयोगमा ल्याउन थालिएको छ ।”

बीउ छरेको २० देखि २५ दिनपछि तयार हुने ढैँचा बोटलाई खेत हिल्याउने क्रममै प्रयोग गरिन्छ । यसरी प्रयोग गरिएको ढैँचाको बोट चारदेखि सात दिनमा कुहिएर मल बन्दछ । विश्वकर्मा, थापा र खनालमात्रै होइन, पछिल्लो समय जिल्लाका माडी फाँट क्षेत्रमा पर्ने केसेनी, रुप्से, माडीपोखराथोक, मदनपोखरा, तिनाउ गाउँपालिकाको दोभान र झुम्साका किसानले रासायनिक मलको विकल्पमा हरियो मल ढैँचाको प्रयोग बढाएका छन् ।

## हवाई सुरक्षासम्बन्धी क्षेत्रीय संवादको केन्द्र बन्दै काठमाडौं

काठमाडौं । युरोपेली सङ्घ (इयु) ले नेपाल तथा दक्षिण एसियासँगको हवाई सहकार्यलाई अझ सुदृढ बनाउने उद्देश्यसहित काठमाडौंमा दुई क्षेत्रीय हवाई सुरक्षा कार्यक्रम सञ्चालन गरेको छ ।

यसबाट दक्षिण एसियामा हवाई सुरक्षासम्बन्धी संवाद र सहकार्यका लागि काठमाडौं महत्वपूर्ण केन्द्रका रूपमा स्थापित भएको छ ।

इयु-दक्षिण एसिया हवाई साझेदारी परियोजना (इयु-साउथ एसिया एभिएसन पार्टनरसिप प्रजेक्ट) अन्तर्गत आयोजित यी कार्यक्रममार्फत दक्षिण एसियाका हवाई नियामक निकाय, वायुसेवा कम्पनी, उद्योग क्षेत्रका प्रतिनिधि तथा प्राविधिक विज्ञहरूबीच अनुभव आदानप्रदान, व्यावसायिक सञ्जाल विस्तार तथा हवाई सुरक्षासम्बन्धी व्यावहारिक उपायबारे छलफल हुने जनाइएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) को आयोजना तथा एटिआरसँगको सहकार्यमा आजदेखि सुरु भएको क्षेत्रीय हवाई सुरक्षा कार्यक्रमको तेस्रो मोड्युल असार ११ गतेसम्म सञ्चालन हुनेछ । उक्त कार्यक्रममा चालक दलको तालिम र सञ्चालन मापदण्डका विषयमा केन्द्रित हुँदै उडान सञ्चालनका मानवीय तथा प्रक्रियागत पक्ष, निर्णय प्रक्रिया, सञ्चालनगत लचकता तथा थकान व्यवस्थापनका विषयमा छलफल गरिनेछ । यहाँस्थित इयुको प्रतिनिधिमण्डलका कार्यवाहक प्रमुख थोमस मिलारले हवाई सुरक्षा नेपाल सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै अर्थमन्त्रीले हालैको बजेट वक्तव्यमा युरोपेली आयोगका चासोलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेको विषयलाई इयुले सकारात्मक रूपमा लिएको बताउनुभयो । उहाँले सुधारात्मक कार्ययोजना कार्यान्वयनसम्बन्धी पूर्ण दस्तावेज हालै प्राप्त भएको र युरोपेली आयोगअन्तर्गतको महानिर्देशनालय (डिजी मुभ) ले आगामी महिनामा त्यसको समीक्षा गर्ने जानकारी दिनुभयो ।

उहाँले नेपाली नागरिक तथा यात्रुले अपेक्षा गरेको सुरक्षा स्तर हासिल गर्न नेपाल सरकारसँग मिलेर काम गर्न युरोपेली सङ्घ तथा उसका सदस्य राष्ट्रहरू प्रतिबद्ध रहेको बताउनुभयो । सदस्य राष्ट्रहरूले प्राविधिक सहयोग उपलब्ध गराउँदै सरोकारवालासँग निकट सहकार्य गरी प्रगतिलाई समर्थन गरिरहेको उहाँको भनाइ थियो ।

यसैगरी, असार १५ देखि १८ गतेसम्म काठमाडौंमा दक्षिण एसिया क्षेत्रीय पहल (सारी) अन्तर्गत 'कन्टिन्युड एयरवर्दिनेस' सम्बन्धी नियामकीय अद्यावधिक कार्यशाला आयोजना गरिनेछ । कार्य-शालामा युरोपेली सङ्घीय हवाई सुरक्षा निकाय (इआसा) का नवीनतम नियमावली तथा आधुनिक अनुगमन अवधारणाबारे छलफल गरिनेछ । यसले अन्तर्राष्ट्रिय मापदण्डअनुसार विकसित हुँदै गइरहेका आवश्यकताहरू कार्यान्वयन गर्न सम्बन्धित निकाय तथा उद्योग क्षेत्रलाई सहयोग पुग्ने विश्वास गरिएको छ । यहाँस्थित इयुको प्रतिनिधिमण्डलका अनुसार यी कार्यक्रमहरूले प्राविधिक अनुभव आदानप्रदानको सीमित दायराबाट अघि बढेर क्षेत्रीय सहकार्यलाई व्यवस्थित र दीर्घकालीन स्वरूप दिन सहयोग गर्नेछन् । साथै, दक्षिण एसियामा हवाई क्षेत्रसम्बन्धी संवादका लागि नेपाललाई महत्वपूर्ण मञ्चका रूपमा स्थापित गर्न तथा व्यावहारिक, मागमा आधारित र दीर्घकालीन साझेदारीमार्फत हवाई क्षेत्रका सरोकारवालालाई सहयोग गर्ने युरोपेली सङ्घको प्रतिबद्धतालाई पनि प्रतिबिम्बित गरेका छन् ।

हवाई सुरक्षाको सुदृढ प्रणालीले क्षेत्रीय सम्पर्क विस्तार, पर्यटन प्रवर्द्धन तथा आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गर्दै इयुले नियामक निकाय, सेवा प्रदायक र उद्योग क्षेत्रबीचको सहकार्यलाई प्रवर्द्धन गरी दक्षिण एसियामा सुरक्षित, सबल तथा भविष्यउन्मुख हवाई यातायात प्रणाली निर्माणमा सहयोग गरिरहेको जनाएको छ ।

इयु-दक्षिण एसिया हवाई साझेदारी परियोजना इयुद्वारा वित्तपोषित तथा युरोपेली सङ्घीय हवाई सुरक्षा निकाय (इआसा) द्वारा कार्यान्वयन गरिएको इयु-एसिया हवाई साझेदारी परियोजनाअन्तर्गतको क्षेत्रीय प्राविधिक सहकार्य कार्यक्रम हो ।

परियोजनाले दक्षिण एसियाका नागरिक उड्डयन निकाय तथा हवाई क्षेत्रका सरोकारवालालाई नियामकीय संवाद, प्राविधिक अनुभव आदानप्रदान तथा क्षमता अभिवृद्धिका लक्षित कार्यक्रममार्फत सहयोग गर्दै अन्तर्राष्ट्रिय मापदण्डअनुरूप उच्चस्तरीय हवाई सुरक्षा र प्रभावकारी नियमन प्रवर्द्धन गर्दै आएको छ ।

## सवारी दुर्घटनामा वरिष्ठ सईको मृत्यु

इनरुवा । बर्जु गाउँपालिका-६ नरहचोक नजिक मंगलबार सवारी दुर्घटना हुँदा नेपाल प्रहरीका वरिष्ठ नायब निरीक्षक (सई) को मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय बारामा कार्यरत सप्तरी विष्णुपुर गाउँपालिका-१ का ५० वर्षीय लालकुमार यादवको मृत्यु भएको सुनसरीका प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिनुभयो ।

चिमडीतर्फ आउँदै गरेको प्र १-०२-००२ च ६२५२ नम्बरको ईभी कारले विपरीत दिशाबाट जाँदै गरेको प्र १-०१-००३ प २६१२ नम्बरको मोटर साइकललाई ठक्कर दिँदा यादव गम्भीर घाइते भएका थिए । घाइते यादवको उपचारका क्रममा विराटनगरस्थित विराट नर्सिङ होममा मृत्यु भएको प्रहरी नायब उपरीक्षक खड्काले बताउनुभयो ।

सोही मोटर साइकलको पछाडि सवार उहाँको श्रीमती ४७ वर्षीया रामपरी यादवको दाहिने खुट्टामा चोट लागेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । उहाँको विराट नर्सिङहोम मै उपचार भइरहेको छ । जिल्ला प्रहरी कार्यालय बारामा कार्यरत यादव जिल्ला प्रहरी कार्यालय सिरहाका लागि रवाना लिएर गएका थिए ।

ठक्कर दिने कार र चालक मोरङ कटहरी गाउँपालिका-३ का ५० वर्षीय डा राजेन्द्र चौधरी सुनसरीका प्रहरीको नियन्त्रणमा रहेको छ । घटनाको विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

## रूपन्देहीमा १४ हजारभन्दा बढीलाई राहदानी वितरण

भैरहवा जिल्ला प्रशासन कार्यालय रूपन्देहीले चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म १४ हजार १११ जनालाई राहदानी वितरण गरेको छ ।

सो कार्यालयका अनुसार गत जेठ मसान्तसम्ममा १६ हजार ९३५ जनाले राहदानीका लागि आवेदन दिएकामा १४ हजार १३४ राहदानी कार्यालयमा प्राप्त भई १४ हजार १११ जनालाई वितरण गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी विश्व-प्रकाश अर्यालले वैदेशिक रोजगारी, उच्च शिक्षा तथा विभिन्न प्रयोजनका लागि विदेश जाने नागरिकको सङ्ख्या बढ्दै जाँदा राहदानी सेवाको मागमा उल्लेख्य वृद्धि भएको बताउनुभयो । उहाँले सेवाग्राहीलाई सहज र छिटो सेवा उपलब्ध गराउन कार्यालयले आवश्यक व्यवस्थापन गरेसँगै सेवाग्राहीबाट गुनासो आउनेक्रम रोकिएको जानकारी दिनुभयो । सूचना अधिकारी एवं सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्यालले रूपन्देहीमा राहदानी बनाउने दर लुम्बिनी प्रदेशकै उच्च रहेको बताउनुभयो ।

उहाँले खाडी मुलुक, मलेसिया, जापान, दक्षिण कोरियालगायतका देशमा रोजगारीका लागि जाने युवाको सङ्ख्या बढी रहेका अवस्थामा तुलनात्मक रुपमा धेरै जनसङ्ख्या भएको रुपन्देहीमा राहदानीको माग बढेको स्पष्ट गर्नुभयो । उहाँले विशेषगरी वैदेशिक रोजगारी, अध्ययन, व्यावसायिक भ्रमण, पर्यटन तथा अन्य व्यक्तिगत प्रयोजनका लागि राहदानीको माग हुनेगरेको बताउनुभयो ।

यसैगरी, रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी मातृका आचार्यले राहदानीसँग सम्बन्धित सेवाग्राहीको चापलाई दृष्टिगत गरी अनलाइन आवेदन, बायोमेट्रिक विवरण सङ्कलन तथा राहदानी वितरण प्रक्रियालाई थप व्यवस्थित बनाइएकाले सेवाप्रति गुनासो नरहेको बताउनुभयो ।

## ललितपुरलाई उज्यालो नगर बनाइने

ललितपुर । ललितपुर महानगरपालिकाले महानगर क्षेत्रभित्र पर्ने चक्रपथ खण्डमा स्मार्ट स्ट्रिट लाइट जडानकार्यलाई प्राथमिकतामा राखेको छ । सडकको सौन्दर्य अभिवृद्धि गर्नुका साथै रातिको समयमा हुने सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले ग्वार्को, सातदोबाटो, एकान्तकुना हुँदै कलङ्कीतर्फको चक्रपथ खण्डमा आधुनिक स्मार्ट स्ट्रिट लाइट जडान गरिएको हो ।

महानगरपालिकाले 'देशकै उज्यालो महानगरपालिका' बनाउने दीर्घकालीन लक्ष्यअनुसार भित्री सडक तथा अन्य मुख्य सडकमा समेत स्मार्ट बत्ती जडानकार्य अघि बढाइरहेको जनाएको छ । यसअन्तर्गत दोस्रो चरणमा ललितपुर क्षेत्रभित्रको ७.९ किलोमिटर चक्रपथ क्षेत्रमा लाइट जडान गर्ने योजना कार्यान्वयन भइरहेको छ ।

ललितपुर महानगरपालिकाका नगरप्रमुख चिरिबाबु महर्जनका अनुसार परियोजनाका लागि महानगरपालिकाले रु १० करोड तथा नेपाल विद्युत् प्राधिकरणले रु तीन करोड सहयोग गरेको छ । यसरी कुल रु १३ करोडको लगानीमा स्मार्ट स्ट्रिट लाइट जडानको काम अघि बढाइएको हो । नगरप्रमुख महर्जनले चक्रपथमा आधुनिक बत्ती जडान भएपछि सडक रातभर उज्यालो रहने, यात्रु तथा सवारी चालकलाई सहज हुने र दुर्घटनाको जोखिम कम हुने विश्वास व्यक्त गर्नुभयो । उहाँका अनुसार परियोजनाअन्तर्गत ११ मिटर अग्ला ३७१ वटा पोल, आठ मिटर अग्ला १९५, सात मिटर अग्ला २२४ पोल तथा १२ मिटर अग्ला ६६ वटा मिनीमास्ट जडान गरिनेछ । महानगरपालिका क्षेत्रभित्रको सम्पूर्ण ७.९ किलोमिटर चक्रपथ खण्ड प्रभावकारी रूपमा उज्यालो हुने अपेक्षा गरिएको छ ।



महानगरपालिकाले पहिलो चरणमा बालकुमारीदेखि सातदोबाटोसम्म बत्ती सञ्चालनमा ल्याउने र त्यसपछि क्रमशः अन्य क्षेत्रमा विस्तार गर्दै लैजाने जनाएको छ ।

नगरप्रमुख महर्जनले आगामी तीन महिनाभित्र अधिकांश क्षेत्रमा बत्ती सञ्चालनमा आउने जानकारी दिँदै स्मार्ट स्ट्रिट लाइट परियोजनाले ललितपुरलाई सुरक्षित, व्यवस्थित र आधुनिक सहरका रूपमा विकास गर्न महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो ।

## सामुदायिक विद्यालयको शिक्षा सुधारमा कामपाको जोड

काठमाडौं । काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालयको शिक्षा सुधार र विद्यार्थी मूल्याङ्कन र नतिजा अभिलेखनका लागि शिक्षकलाई प्रशिक्षण दिन थालेको छ ।

यसै सन्दर्भमा कामपाले कक्षा ४ र ५ का शिक्षकलाई विद्यार्थी मूल्याङ्कन र नतिजा अभिलेखनसम्बन्धी सरकारले जारी गरेको शासकीय सुधारको बुँदा नं ८९ कार्यान्वयनका लागि प्रशिक्षण सुरु गरेको कामपाको भनाइ छ ।

शिक्षा विभागका प्रमुख नमराज ढकालले भन्नुभयो, "पहिलो चरणमा १८० जनालाई शिक्षकलाई प्रशिक्षित गरेको छ । आउँदो आइतबार थप १८० जनालाई तालिम प्रदान गर्ने कामपा शिक्षा विभागको योजना छ ।"

सरकारले जारी गरेको शासकीय सुधारसम्बन्धी कार्ययोजनाअन्तर्गतको ८९औं बुँदामा उल्लेख भएको कक्षा ४ र ५ का विद्यार्थीको नियमित मूल्याङ्कनसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तालिम सञ्चालन गरिएको हो ।

पहिलो चरणको तालिम समापन गर्दै शिक्षा विभागका प्रमुख नमराज ढकालले भन्नुभयो, "तालिमले शिक्षकहरू लाई मूल्याङ्कन प्रणालीका विषय स्पष्टता कायम गरेको छ । आत्मविश्वास जगाएको छ ।"

शिक्षकहरूको उत्कृष्ट तथा नवीन अभ्यासहरूको आदानप्रदान, पाठ्यक्रमको परिचय र संरचना, विषयगत पाठ्यक्रम र तिनका विशेषता, नवीनतम् शिक्षण विधिको प्रयोग, विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका र साधनहरूको प्रयोग, सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फारमको प्रयोग, जीपीए गणना र विद्यार्थीको प्रगति प्रतिवेदनको नमूना तयारीलगायत विषय तालिममा समावेश गरिएको थियो । तालिम सहजकर्ता सीता पाण्डेका अनुसार स्रोत शिक्षकहरूलाई स्रोतव्यक्तिका रूपमा राखेर तालिम सञ्चालन गरिएको हो ।

कामपाले चालु आर्थिक वर्षको यस अवधिमा एक हजार ६४६ जना शिक्षक हरूलाई विभिन्न विधामा तालिम प्रदान गरेको छ । यसमा बाल विकास सहजकर्ता (इसिडी) मा १२४ जना, मनोवैज्ञानिक र मनोसामाजिक परामर्श सम्बन्धी तालिममा १३४ जना, नेपाल भाषा प्रशिक्षणमा सामुदायिक विद्यालयतर्फ १६४, संस्थागत तर्फ ११६ र विद्यार्थी मूल्याङ्कन तथा नतिजा अभिलेखनमा १८० जनालाई तालिम प्रदान गरिएको हो ।

सूचना तथा प्रविधिसम्बन्धी तालिममा ३८५ जना, एकीकृत पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन र विषयगत रूपमा प्रश्नपत्र निर्माण तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी तालिममा ४६० र प्रारम्भिक बाल शिक्षादेखि कक्षा ३ सम्म अध्ययनरत विद्यार्थीको अपाङ्गता पहिचान सम्बन्धी तालिममा ८३ जना शिक्षक सहभागी हुनुभयो । असार महिनामा विद्यार्थी मूल्याङ्कन तथा नतिजा अभिलेखनसम्बन्धी थप १८० जना शिक्षकलाई तालिम दिने योजना कामपाको रहेको छ ।

## कांग्रेस जनसेवामा समर्पित हुनुपर्छ

सुरुङ्गा । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले विगतका राजनीतिक निर्णय, सत्ता केन्द्रित प्रवृत्ति र अस्थिर गठबन्धनका कारण पार्टीप्रति जनतामा असन्तुष्टि बढेको स्वीकार्दै अब कांग्रेस जनमुखी राजनीतिमा फर्कनुपर्ने बताउनुभएको छ ।

झापाको विर्तामोडमा मंगलबार आयोजित कांग्रेसको जिल्लास्तरीय कार्यकर्ता भेटघाटमा उहाँले अब सरकार बनाउने अङ्क गणितभन्दा जनताको मन जित्ने राजनीतिलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । सभापति थापाले स्पष्ट राजनीतिक आधारविना अन्य दलसँग गठबन्धन गर्ने, पुनः त्यही गठबन्धन तोड्ने प्रवृत्ति, सीमित नेताहरूको प्रधानमन्त्री बन्ने आकांक्षा तथा सत्ता भागबण्डाको राजनीतिले कांग्रेसको छवि कमजोर बनाएको बताउनुभयो । त्यसको परिणाम स्वरूप निर्वाचनमा पराजित उम्मेदवारप्रति मात्र नभई कांग्रेसप्रति नै जनताले असन्तुष्टि व्यक्त गरेको उहाँको भनाइ थियो ।

अहिलेको सबैभन्दा ठूलो चुनौती जनताको गुमेको भरोसा पुनः स्थापित गर्नु रहेको उल्लेख गर्दै सभापति थापाले देशका समस्या बुझेर समाधान गर्न सक्ने क्षमता अझै पनि कांग्रेससँग रहेको दाबी गर्नुभयो । "कांग्रेस संसद्बाट जन्मिएको पार्टी होइन, कांग्रेसले संसद् जन्माएको पार्टी हो", उहाँले भन्नुभयो, "प्रधानमन्त्री बन्ने मोहका कारण पार्टीको प्रतिष्ठा र जनविश्वासमा क्षति पुगेको हो ।" पार्टीका उपसभापति विश्वप्रकाश शर्माले मुद्दा लागेका सांसदलाई पनि निलम्बन नहुने व्यवस्था ल्याइएकोप्रति असन्तुष्टि व्यक्त गर्दै त्यसले सुशासनको मान्यतालाई कमजोर बनाउने बताउनुभयो । विगतका कमजोरी नेतृत्वको मात्र नभई आफ्नै पनि रहेको स्वीकार्दै पार्टीले आत्मालोचना गरिसकेको उहाँको भनाइ छ ।

झापाका चिया उद्योगसँग सम्बन्धित समस्या वार्तामार्फत समाधान गर्न सरकारसँग आग्रह गर्नुभयो । भूमिहीन सुकुमवासीको समस्या दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने, बाहुनडाँगी क्षेत्रमा बढ्दो जङ्गली हात्तीको समस्याप्रति सरकार गम्भीर बन्नुपर्ने तथा विगतमा कांग्रेसको पहलमा निर्माण गरिएको विद्युतीय तारबारबाहेक प्रभावकारी काम हुन नसकेको उल्लेख गर्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com